# इस्लाममा सम्मानको स्थान

**मिति:** १९ जुल्-हिज्जा १४४७ हिजरी (तदनुसार ५ जून २०२६ ईस्वी)

## पहिलो खुत्बा

सबै प्रशंसा अल्लाहका लागि हो, जो सदैव सर्वज्ञ र सर्वशक्तिमान् हुनुहुन्छ। उहाँले मानिसलाई मार्ग देखाउनुभयो, चाहे ऊ कृतज्ञ बनोस् वा अकृतज्ञ। जसले कृतज्ञता प्रकट गर्‍यो, उसको प्रतिफल आशिष् र ठूलो साम्राज्य हो, र जसले अकृतज्ञता (कुफ्र) गर्‍यो, उसले अल्लाह बाहेक आफ्नो कुनै मित्र वा सहायक पाउने छैन। म गवाही दिन्छु कि अल्लाह बाहेक कोही सत्य पूज्य छैन, यस्तो गवाही जसले अन्धकारलाई उज्यालोमा र संकुचनलाई प्रशन्नता एवं हर्षमा बदलिदिन्छ। र म गवाही दिन्छु कि हाम्रा संदेष्टा मुहम्मद (सल्लल्लाहु अलैहि वसल्लम) उहाँका बन्द (दास) र संदेष्टा हुनुहुन्छ, जो सुसमाचार सुनाउने, सचेत गराउने, अल्लाहको अनुमतिले उहाँतर्फ बोलाउने र एउटा चम्किलो दीपकका रूपमा पठाइनुभएको हो। हे अल्लाह! उहाँमाथि, उहाँका परिवार र साथीहरूमाथि धेरै-धेरै कृपा र शान्ति वर्षण गर्नुहोस्।

**यसपछि:** हे अल्लाहका बन्दहरू! म तपाईंहरूलाई र स्वयं आफूलाई अल्लाहको डर (तकवा) राख्ने उपदेश दिन्छु, जसरी सर्वोच्च अल्लाहले आदेश दिनुभएको छ:

يَاأَيُّهَا الَّذِينَ آمَنُوا اتَّقُوا اللَّهَ وَلْتَنْظُرْ نَفْسٌ مَا قَدَّمَتْ لِغَدٍ وَاتَّقُوا اللَّهَ إِنَّ اللَّهَ خَبِيرٌ بِمَا تَعْمَلُونَ

*“हे ईमान ल्याएकाहरू! अल्लाहसँग डराओ, र प्रत्येक जीवले हेरोस् कि उसले भोलि (कियामत) का लागि के पठाएको छ। र अल्लाहसँग डराओ; तिमीहरूले जे गर्छौ, अल्लाह त्यसबाट पूर्ण रूपमा अवगत हुनुहुन्छ।”* **कुरआन [अल-हश्रो: १८]**

हे अल्लाहका बन्दहरू! सम्मान (आदर) इस्लामको मूल्यमान्यताहरू मध्ये एक महान् मूल्य हो। यो पवित्र हृदय र सन्तुष्ट आत्माबाट प्रस्फुटित हुन्छ। यो अरूको कदर गर्नु र उनीहरूसँग आदर एवं सम्मानका साथ व्यवहार गर्नु हो। शरिया (इस्लामी कानुन) का स्रोतहरूमा दृष्टि पुर्‍याउने व्यक्तिले यो स्पष्ट रूपमा महसुस गर्दछ कि त्यसमा विभिन्न रूपहरूमा सम्मान र आदरका लागि कति प्रोत्साहन गरिएको छ। जसमा असल वचन बोल्न र हँसिलो अनुहार राख्न आदेश दिइएको छ, र अश्लीलता एवं अपशब्द त्याग्न भनिएको छ; चाहे त्यो गैर-मुस्लिमसँगै किन नहोस्। अल्लाह तआलाले भन्नुभएको छ:

وَقُولُوا لِلنَّاسِ حُسْنًا

*"र मानिसहरूसँग राम्रो कुरा गर।"* **कुरआन [अल-बकरह: ८३]**

**عَنْ عَبْدِاللهِ بْنِ عَمْرٍو رَضِيَ اللهُ عَنْهُما أَنَّ رَسُولَ اللهِ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ قالَ:**

**«إِنَّ مِنْ خِيارِكُمْ أَحاسِنَكُمْ أَخْلَاقاً» [أَخْرَجَهُ الْبُخَارِيُّ وَمُسْلِمٌ].**

र अब्दुल्लाह बिन अम्र (रदियल्लाहु अन्हुमा) बाट वर्णित छ कि अल्लाहका रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो: *तिमीहरू मध्ये सबभन्दा उत्तम ती हुन्, जो चरित्रमा सबभन्दा राम्रा छन्।* **हदीस [बुखारी र मुस्लिम]**

**صَلاحُ أَمْرِكَ لِلأَخْلاقِ مَرْجِعُهُ فَقَوِّمِ النَّفْسَ بِالأَخْلاقِ تَسْتَقِمِ**

**وَالنَّفْسُ مِنْ خَيْرِها فِي خَيْرِ عافِيَةٍ وَالنَّفْسُ مِنْ شَرِّها فِي مَرْتَعٍ وَخِمِ**

*तिमीहरू मध्ये सबभन्दा उत्तम ती हुन्, जो चरित्रमा सबभन्दा राम्रा छन्।" (तपाईंको मामिलाको सुधार नैतिकतामा आधारित छ, त्यसैले आत्मालाई नैतिकताद्वारा सुधार्नुहोस्, यो सीधा मार्गमा रहनेछ। आत्मा आफ्नो भलाइका कारण उत्तम स्वास्थ्यमा रहन्छ, र आत्मा आफ्नो खराबीका कारण विनाशकारी ठाउँमा पुग्छ।)*

**हे मुस्लिम समुदाय!** मानिसहरू बीच सम्मानका धेरै रूप र विभिन्न अवस्थाहरू छन्। ती मध्ये सबभन्दा महान्: अल्लाह र उहाँका रसूल (सल्लल्लाहु अलैहि वसल्लम) को सम्मान गर्नु, र अल्लाहको दीन (धर्म) को आदर गर्नु हो। यो शरियाका आदेशहरूको सम्मान गरेर र अल्लाहका वर्जित कुराहरूको ख्याल राखेर प्राप्त हुन्छ। कुरआनले यसैतर्फ मार्गदर्शन गरेको छ:

ذَٰلِكَ وَمَنْ يُعَظِّمْ شَعَائِرَ اللَّهِ فَإِنَّهَا مِنْ تَقْوَى الْقُلُوبِ

*"यो हो (असल कुरा), र जसले अल्लाहका चिन्हहरू (नियमहरू) को सम्मान गर्छ, त त्यो हृदयको तकवा (परहेजगारी) बाट हो।"* **कुरआन [अल-हज्ज: ३२]**

सम्मानको एउटा महत्त्वपूर्ण रूप यो पनि हो: राम्रा शब्दहरूको चयन गर्नु, र मन दुखाउने अभिव्यक्ति तथा अपमानजनक इशाराहरूबाट बच्नु। यी दुवै मामिलामा अल्लाह तआलाले भन्नुभएको छ:

وَيْلٌ لِكُلِّ هُمَزَةٍ لُمَزَةٍ

*"विनाश छ हरेक त्यस व्यक्तिको जो (पिठ्युँ पछाडि) निन्दा गर्ने र (सामुन्ने) औंल्याएर अपमान गर्ने गर्दछ।"* **कुरआन [अल-हुमजह: १]**

यहाँ 'हम्ज' को अर्थ व्यवहारद्वारा चित्त दुखाउनु र आँखाको इसाराले तुच्छ ठान्नु हो, र 'लम्ज' को अर्थ वचनद्वारा चित्त दुखाउनु हो। यसको विपरित, अल्लाहले राम्रो व्यवहार गर्न आदेश दिँदै भन्नुहुन्छ:

وَقُلْ لِعِبَادِي يَقُولُوا الَّتِي هِيَ أَحْسَنُ إِنَّ الشَّيْطَانَ يَنْزَغُ بَيْنَهُمْ إِنَّ الشَّيْطَانَ كَانَ لِلْإِنْسَانِ عَدُوًّا مُبِينًا

*"र मेरा बन्दहरूलाई भनिदिनुस् कि उनीहरूले त्यही कुरा भनुन् जुन उत्तम छ। निस्सन्देह शैतानले उनीहरू बीच झगडा गराउँछ। वास्तवमा शैतान मानिसको खुल्ला शत्रु हो।"* **कुरआन [अल-इस्रा: ५३]**

सम्मानको एउटा भव्य रूप यो हो: मानिसहरूको बुद्धिको सम्मान गर्नु, र उनीहरूलाई उत्तम तरिकाले सही मार्ग देखाउनु।

)أَنَّ فَتًى شَابّاً أَتَى النَّبِيَّ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ فَقَالَ: يَا رَسُولَ اللهِ، ائْذَنْ لِي بِالزِّنَا، فَأَقْبَلَ الْقَوْمُ عَلَيْهِ فَزَجَرُوهُ، وَقَالُوا: مَهْ! مَهْ! فَقَالَ النَّبِيُّ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ: « ادْنُهْ »، فَدَنَا مِنْهُ قَرِيباً فَجَلَسَ، قَالَ: «أَتُحِبُّهُ لأُمِّكَ»؟ قَالَ: لا وَاللهِ، جَعَلَنِي اللهُ فِداءَكَ ، قَالَ: « وَلَا النَّاسُ يُحِبُّونَهُ لِأُمَّهَاتِهِمْ »، قَالَ: « أَفَتُحِبُّهُ لِابْنَتِكَ »؟ قَالَ: لَا وَاللهِ يَا رَسُولَ اللهِ، جَعَلَنِي اللهُ فِدَاءَكَ، قَالَ: « وَلَا النَّاسُ يُحِبُّونَهُ لِبَنَاتِهِمْ »، قَالَ: « أَفَتُحِبُّهُ لِأُخْتِكَ »؟ قَالَ: لَا وَاللهِ، جَعَلَنِي اللهُ فِدَاءَكَ، قَالَ: « وَلَا النَّاسُ يُحِبُّونَهُ لِأَخَوَاتِهِمْ »، قَالَ: « أَفَتُحِبُّهُ لِعَمَّتِكَ »؟ قَالَ: لَا وَاللهِ، جَعَلَنِي اللهُ فِدَاءَكَ، قَالَ: « وَلَا النَّاسُ يُحِبُّونَهُ لِعَمَّاتِهِمْ »، قَالَ: « أَفَتُحِبُّهُ لِخَالَتِكَ »؟ قَالَ: لَا وَاللهِ، جَعَلَنِي اللهُ فِدَاءَكَ، قَالَ: « وَلَا النَّاسُ يُحِبُّونَهُ لِخَالَاتِهِمْ »، قَالَ: فَوَضَعَ يَدَهُ عَلَيْهِ، وَقَالَ: « اللَّهُمَّ اغْفِرْ ذَنْبَهُ، وَطَهِّرْ قَلْبَهُ، وَحَصِّنْ فَرْجَهُ »، فَلَمْ يَكُنْ بَعْدُ ذَلِكَ الْفَتَى يَلْتَفِتُ إِلَى شَيْءٍ

अबु उमामा (रदियल्लाहु अन्हु) बाट वर्णित छ: *“एकजना युवा संदेष्टा (सल्लल्लाहु अलैहि वसल्लम) कहाँ आए र भने: हे अल्लाहका रसूल! मलाई व्यभिचार (जिना) को अनुमति दिनुहोस्। मानिसहरू उनीतिर झम्टिए र उनलाई हप्काउँदै भने: 'छि! छि!' तर संदेष्टा (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो: 'मेरो नजिक आऊ।' उनी नजिक आएर बसे। संदेष्टाले सोध्नुभयो: 'के तिमी यो आफ्नी आमाका लागि मन पराउँछौ?' उनले भने: 'अल्लाहको कसम, कहिल्यै मन पराउँदिन, अल्लाहले मलाई तपाईंमाथि कुर्बान गरुन्।' उहाँले भन्नुभयो: 'मानिसहरू पनि आफ्ना आमाहरूका लागि यो मन पराउँदैनन्।' फेरि सोध्नुभयो: 'के तिमी आफ्नी छोरीका लागि यो मन पराउँछौ?' उनले भने: 'अल्लाहको कसम, अहिल्यै मन पराउँदिन हे अल्लाहका रसूल।' उहाँले भन्नुभयो: 'मानिसहरू पनि आफ्ना छोरीहरूका लागि यो मन पराउँदैनन्।' उहाँले सोध्नुभयो: 'के तिमी आफ्नी दिदीबहिनीका लागि यो मन पराउँछौ?' उनले भने: 'अल्लाहको कसम, कहिल्यै मन पराउँदिन।' उहाँले भन्नुभयो: 'मानिसहरू पनि आफ्ना दिदीबहिनीका लागि यो मन पराउँदैनन्।' उहाँले सोध्नुभयो: 'के तिमी आफ्नी फूपूका लागि यो मन पराउँछौ?' उनले भने: 'अल्लाहको कसम, कहिल्यै मन पराउँदिन।' उहाँले भन्नुभयो: 'मानिसहरू पनि आफ्ना फूपूहरूका लागि यो मन पराउँदैनन्।' उहाँले सोध्नुभयो: 'के तिमी आफ्नी सानीआमाका लागि यो मन पराउँछौ?' उनले भने: 'अल्लाहको कसम, कहिल्यै मन पराउँदिन।' उहाँले भन्नुभयो: 'मानिसहरू पनि आफ्ना सानीआमाहरूका लागि यो मन पराउँदैनन्।' त्यसपछि संदेष्टाले आफ्नो हात उक्त युवामाथि राख्नुभयो र दुआ गर्नुभयो: 'हे अल्लाह! यसको पाप क्षमा गर्नुहोस्, यसको हृदय पवित्र पार्नुहोस्, र यसको गुप्ताङ्गको रक्षा गर्नुहोस्।' त्यसपछि त्यो युवाले कहिल्यै पनि त्यस्तो नराम्रो कुरातिर ध्यान दिएनन्।”* **हदीस [इमाम अहमद / सहीह शुऐब अल-अरनाऊत]**

मानिसहरूको बुद्धिको सम्मान गर्नुमा यो पनि पर्दछ कि उनीहरूको बुझ्ने क्षमताको व्यक्तिगत भिन्नतालाई ध्यानमा राखियोस्; विशेष गरी जब हामीलाई थाहा छ कि मानिसहरूको बुद्धि, बुझाइ र शिक्षामा भिन्नता हुन्छ। सहीह बुखारीमा अली (रदियल्लाहु अन्हु) भन्नुहुन्छ:

حَدِّثُوا النَّاسَ بِمَا يَعْرِفُونَ؛ أَتُحِبُّونَ أَنْ يُكَذَّبَ اللهُ وَرَسُولُهُ؟

*“मानिसहरूसँग उनीहरूले बुझ्न सक्ने स्तरका कुराहरू मात्र गर। के तिमीहरू यो चाहन्छौ कि अल्लाह र उहाँका रसूललाई झुठो ठहर गरियोस्?”* **हदीस [सहीह बुखारी]**

**ईमानका भाइहरू हो!** सम्मानको एउटा रूप यो पनि हो: गैर-मुस्लिमहरूलाई पनि बिना कुनै गालीगलौज वा अपमान, उत्तम तरिकाले इस्लामको निमन्त्रणा दिनु। अल्लाह तआला भन्नुहुन्छ:

ادْعُ إِلَى سَبِيلِ رَبِّكَ بِالْحِكْمَةِ وَالْمَوْعِظَةِ الْحَسَنَةِ وَجَادِلْهُمْ بِالَّتِي هِيَ أَحْسَنُ إِنَّ رَبَّكَ هُوَ أَعْلَمُ بِمَنْ ضَلَّ عَنْ سَبِيلِهِ وَهُوَ أَعْلَمُ بِالْمُهْتَدِينَ

*“आफ्नो पालनकर्ताको मार्ग तर्फ हिक्मत (बुद्धिमत्ता) र राम्रो उपदेशका साथ बोलाउनुस्, र उनीहरूसँग उत्तम तरिकाले बहस गर्नुस्। निस्सन्देह, तपाईंको पालनकर्ता नै राम्ररी जान्नुहुन्छ कि को उहाँको मार्गबाट भड्किएको छ, र उहाँले नै सही मार्गमा चल्नेहरूलाई राम्ररी चिन्नुहुन्छ।”* **कुरआन [अन-नह्ल: १२५]**

र सम्मानको यो एउटा सुन्दर रूप हो: मानिसहरू बीच भेदभाव नगर्नु। न्यायाधीशले आफ्नो फैसलामा कमजोर र उच्च वर्ग बीच भेदभाव गर्दैन, चिकित्सकले गरिबको उपचारमा त्यत्तिकै ध्यान दिन्छ जति धनीकोमा दिन्छ, शिक्षकले विद्यार्थीहरू बीच भेदभाव गर्दैन, पिताले आफ्ना सन्तानहरू बीच न्याय गर्दछ, र पतिले आफ्ना श्रीमतीहरू बीच न्याय कायम राख्न खोज्दछ। अल्लाह तआला भन्नुहुन्छ:

إِنَّ اللَّهَ يَأْمُرُ بِالْعَدْلِ وَالْإِحْسَانِ وَإِيتَاءِ ذِي الْقُرْبَى وَيَنْهَى عَنِ الْفَحْشَاءِ وَالْمُنْكَرِ وَالْبَغْيِ يَعِظُكُمْ لَعَلَّكُمْ تَذَكَّرُونَ

*“निस्सन्देह, अल्लाहले न्याय, सदाचार र नातेदारहरूलाई दान दिने आदेश दिनुहुन्छ, र अश्लीलता, खराब काम र अत्याचारबाट रोक्नुहुन्छ। उहाँले तिमीहरूलाई उपदेश दिनुहुन्छ ताकि तिमीहरूले ध्यान राख।”* **कुरआन [अन-नह्ल: ९०]**

»إِنَّمَا أَهْلَكَ الَّذِينَ قَبْلَكُمْ: أَنَّهُمْ كَانُوا إِذَا سَرَقَ فِيهِمُ الشَّرِيفُ تَرَكُوهُ، وَإِذَا سَرَقَ فِيهِمُ الضَّعِيفُ أَقَامُوا عَلَيْهِ الْحَدَّ، وَايْمُ اللهِ، لَوْ أَنَّ فَاطِمَةَ بِنْتَ مُحَمَّدٍ سَرَقَتْ، لَقَطَعْتُ يَدَهَا «

र उम्मे अब्दुल्लाह आयशा (रदियल्लाहु अन्हा) बाट वर्णित छ कि संदेष्टा (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो:

*“तिमीहरू भन्दा अघिका मानिसहरू यसकारण विनाश भए कि जब उनीहरूमा कुनै प्रतिष्ठित (उच्च वर्गको) व्यक्तिले चोरी गर्थ्यो, तब उसलाई छोडिदिन्थे, र जब कोही कमजोर व्यक्तिले चोरी गर्थ्यो, तब उसमाथि दण्ड सजाय लागू गर्थे। अल्लाहको कसम! यदि*

*मुहम्मदकी छोरी फातिमाले पनि चोरी गरेकी भए, मैले उनको हात काटिदिने थिएँ।"* **हदीस [बुखारी र मुस्लिम]**

شَرُّ الطَّعَامِ طَعَامُ الْوَلِيمَةِ، يُدْعَى لَهَا الْأَغْنِيَاءُ، وَيُتْرَكُ الْفُقَرَاءُ

र अबु हुरैराह (रदियल्लाहु अन्हु) भन्नुहुन्छ: *सबभन्दा खराब भोजन त्यो वलीमा (भोज) को भोजन हो, जसमा धनीहरूलाई निमन्त्रणा गरिन्छ र गरिबहरूलाई छोडिन्छ।"* **हदीस [बुखारी र मुस्लिम]**

**ईमानका भाइहरू हो!** बिरामी, कमजोर र फरक क्षमता भएका (अपाङ्गता भएका) व्यक्तिहरूको सम्मान गरिनुपर्ष, र उनीहरूको अवस्थाको ख्याल राखिनुपर्छ; उनीहरूसँग यस्तो व्यवहार गर्नुपर्छ जसले उनीहरूको कठिनाइ हटाओस्।

« أَنْتَ إِمَامُهُمْ، وَاقْتَدِ بِأَضْعَفِهِمْ »

उथ्मान बिन अबिल आस (रदियल्लाहु अन्हु) बाट वर्णित छ, उनले भने: हे अल्लाहका रसूल! मलाई मेरो समुदायको इमाम बनाइदिनुस्। उहाँले भन्नुभयो: *"तिमी उनीहरूका इमाम हौ, र उनीहरू मध्येका सबभन्दा कमजोर व्यक्तिलाई ध्यानमा राखेर (प्रार्थना गराऊ)।"* **हदीस [अबु दाऊद / सहीह अल्बानी]**

أَنَّهُ كَانَ يَجْتَنِي سِوَاكاً مِنَ الْأَرَاكِ، وَكَانَ دَقِيقَ السَّاقَيْنِ، فَجَعَلَتِ الرِّيحُ تَكْفَؤُهُ، فَضَحِكَ الْقَوْمُ مِنْهُ، فَقَالَ رَسُولُ اللهِ صَلَّى اللهُ عَلَيْهِ وَسَلَّمَ: « مِمَّ تَضْحَكُونَ »؟ قَالُوا: يَا نَبِيَّ اللهِ، مِنْ دِقَّةِ سَاقَيْهِ، فَقَالَ: « وَالَّذِي نَفْسِي بِيَدِهِ، لَهُمَا أَثْقَلُ فِي الْمِيزَانِ مِنْ أُحُدٍ

र अब्दुल्लाह बिन मसऊद (रदियल्लाहु अन्हु) बाट वर्णित छ: *उनी अराकको रुखबाट मिसवाक भाँच्दै थिए, र उनका दुवै पिँडुलाहरू निकै पातला थिए। हावाले उनलाई हल्लाउन थाल्यो, जसले गर्दा मानिसहरू उनीमाथि हाँस्न थाले। अल्लाहका रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले सोध्नुभयो: 'तिमीहरू किन हाँस्दैछौ?' उनीहरूले भने: 'हे अल्लाहका संदेष्टा! उनका पातला पिँडुलाहरू देखेर।' उहाँले भन्नुभयो: 'त्यस सत्ताको कसम जसको हातमा मेरो ज्यान छ, तराजुमा यी दुई पिँडुला उहुद पहाड भन्दा पनि भारी हुनेछन्।'"* **हदीस [इमाम अहमद / सहीह शुऐब अल-अरनाऊत]**

सम्मानको एउटा रूप यो पनि हो: मानिसहरूका त्यस्ता परम्परा र चलनको सम्मान गर्नु जुन हाम्रो पवित्र शरियाको विपरित छैन। अल्लाह तआला भन्नुहुन्छ:

خُذِ الْعَفْوَ وَأْمُرْ بِالْعُرْفِ وَأَعْرِضْ عَنِ الْجَاهِلِينَ

*"क्षमाशीलता अपनाउनुस्, राम्रो कुराको आदेश दिनुस् र अज्ञानीहरूबाट टाढै रहनुस्।"* **कुरआन [अल-अअराफ: १९९]**

यहाँ 'उर्फ' (परम्परा) को अर्थ मानिसहरूले राम्रो काम भनी स्वीकारेका असल कुराहरू हुन्।

अल्लाहले मलाई र तपाईंहरूलाई असल चरित्र भएको र उहाँका सृष्टिप्रति राम्रो व्यवहार गर्नेहरू मध्ये बनाउनुहोस्। म आफ्नो यो कुरा टुङ्ग्याउँदै मेरो, तपाईंको र समस्त मुस्लिमहरूको लागि अल्लाहसँग क्षमा याचना गर्दछु। उहाँसँग क्षमा माग्नुहोस्; निस्सन्देह उहाँ ज्यादै क्षमाशील र दयावान् हुनुहुन्छ।

**दोस्रो खुत्बा**

सबै प्रशंसा अल्लाहका लागि हो, र म गवाही दिन्छु कि अल्लाह बाहेक कोही सत्य पूज्य छैन, र म गवाही दिन्छु कि मुहम्मद उहाँका बन्द, रसूल र चुनिएका संदेष्टा हुनुहुन्छ। अल्लाहको कृपा र धेरै-धेरै शान्ति उहाँमाथि, उहाँका परिवार, साथीहरू र उहाँको मार्ग पछ्याउनेहरूमाथि रहोस्।

**यसपछि:** सम्मानको एउटा प्रशंसनीय रूप: आमाबाबुको सम्मान गर्नु र उनीहरूसँग शिष्टाचारका साथ रहनु हो। बुखारीको 'अल-अदबुल मुफ्रद' मा उल्लेख छ:

أَنَّ أَبَا هُرَيْرَةَ رَضِيَ اللهُ عَنْهُ أَبْصَرَ رَجُلَيْنِ، فَقَالَ لِأَحَدِهِمَا: مَا هَذَا مِنْكَ؟ فَقَالَ: أَبِي، فَقَالَ: لَا تُسَمِّهِ بِاسْمِهِ، وَلَا تَمْشِ أَمَامَهُ، وَلَا تَجْلِسْ قَبْلَهُ

*"अबु हुरैराह (रदियल्लाहु अन्हु) ले दुईजना मानिसलाई देख्नुभयो र ती मध्ये एकलाई सोध्नुभयो: 'यी तिम्रा के नाता पर्छन्?' उनले भने: 'मेरो बुबा।' तब अबु हुरैराहले भन्नुभयो: 'उहाँलाई नाम काढेर नबोलाउनू, उहाँको अगाडि अगाडि नहिँड्नू, र उहाँ भन्दा पहिले नबस्नू।'"* **हदीस [अल-अदबुल मुफ्रद / सहीह अल्बानी]**

त्यसैगरी शासकहरू, विद्वानहरू, कुरआन कण्ठ गर्नेहरू र ज्येष्ठ नागरिकहरूको सम्मान गर्नु पनि यसै अन्तर्गत पर्दछ। अबु मूसा अल-अश्अरी (रदियल्लाहु अन्हु) बाट वर्णित छ कि संदेष्टा (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्नुभयो:

»إِنَّ مِنْ إِجْلَالِ اللهِ تَعَالَى: إِكْرَامَ ذِي الشَّيْبَةِ الْمُسْلِمِ، وَحَامِلِ الْقُرْآنِ غَيْرِ الْغَالِي فِيهِ وَالْجَافِي عَنْهُ، وَإِكْرَامَ ذِي السُّلْطَانِ الْمُقْسِطِ «

*"निस्सन्देह अल्लाहको महिमा र सम्मान गर्नुमा यो कुरा समावेश छ: वृद्ध मुस्लिमको सम्मान गर्नु, कुरआनको ज्ञान बोक्ने (हाफिज) को सम्मान गर्नु जसमा अतिवाद वा बेवास्ता नहोस्, र न्यायप्रिय शासकको सम्मान गर्नु।"* **हदीस [अबु दाऊद / हसन अल्बानी]**

**हे मुस्लिमहरू हो!** हामीलाई यो उत्तम चरित्रको कति धेरै आवश्यकता छ! सम्मानले कति धेरै प्रेम र आत्मीयता ल्याउँछ, र यसबाट कति राम्रा फलहरू प्राप्त हुन्छन्! मानिसहरू उनीहरूलाई भलाइ गर्ने व्यक्तिलाई मन पराउँछन्; चाहे त्यो एउटा मिठो बचन वा साँचो मुस्कान नै किन नहोस्, र उनीहरू आफूलाई चित्त दुखाउने व्यक्तिलाई मन पराउँदैनन्; चाहे ऊ सत्य र न्यायको पक्षमै किन नहोस्।

أَحْسِنْ إِلَى النَّاسِ تَسْتَعْبِدْ قُلُوبَهُمُ ... فَطَالَمَا اسْتَعْبَدَ الْإِنْسَانَ إِحْسَانُ

*(मानिसहरूसँग राम्रो व्यवहार गर्नुहोस्, तपाईंले उनीहरूको हृदयलाई आफ्नो वशमा बनाउनुहुनेछ; किनकि सधैं राम्रो व्यवहारले मानिसलाई वशमा पारेको छ।)*

र हे अल्लाहका बन्दहरू! हामीले यो थाहा पाउनुपर्छ कि अल्लाहका अनिवार्य कर्तव्यहरू पूरा गर्नु र अल्लाहका बन्दहरू प्रति राम्रो व्यवहार गर्नु बीच कति गहिरो सम्बन्ध छ। अल्लाह तआला भन्नुहुन्छ:

وَإِذْ أَخَذْنَا مِيثَاقَ بَنِي إِسْرَائِيلَ لَا تَعْبُدُونَ إِلَّا اللَّهَ وَبِالْوَالِدَيْنِ إِحْسَانًا وَذِي الْقُرْبَى وَالْيَتَامَى وَالْمَسَاكِينِ وَقُولُوا لِلنَّاسِ حُسْنًا وَأَقِيمُوا الصَّلَاةَ وَآتُوا الزَّكَاةَ

*"र जब हामीले बनी इस्राईलसँग प्रतिज्ञा लियौं कि तिमीहरूले अल्लाह बाहेक कसैको उपासना गर्ने छैनौ, र आमाबाबु, नातेदारहरू, अनाथहरू र गरिबहरूसँग राम्रो व्यवहार गर्नेछौ, र मानिसहरूसँग राम्रो कुरा भन्नेछौ, र नमाज स्थापना गर्नेछौ र जकात दिनेछौ।"*
**कुरआन [अल-बकरह: ८३]**

हे अल्लाह! तपाईंका बन्द र संदेष्टा मुहम्मदमाथि कृपा र शान्ति वर्षण गर्नुहोस्, र उहाँका सबै साथीहरू प्रति र उनीहरूसँगै हामीप्रति पनि प्रसन्न हुनुहोस्, हे सबभन्दा दयावान्! हे अल्लाह! हामीलाई तपाईंको स्मरण, कृतज्ञता र उत्तम उपासना गर्न मद्दत गर्नुहोस्। हे अल्लाह! हाम्रो पक्षमा हुनुहोस्, हाम्रो विरुद्धमा होइन; हामीलाई विजय दिनुहोस्, हाम्रो विरुद्ध कसैलाई विजयी नगराउनुहोस्; हामीलाई मार्गनिर्देशन गर्नुहोस् र हाम्रो लागि मार्गनिर्देशन सरल बनाइदिनुहोस्। हे अल्लाह! कुवेत र यसका बासिन्दाहरूलाई हरेक खराबी र खराब प्रपञ्चबाट सुरक्षित राख्नुहोस्, र यो देश तथा बाँकी मुस्लिम देशहरूलाई शान्त र सुरक्षित बनाउनुहोस्। हे अल्लाह! हाम्रा सीमा र सुरक्षामा खटिएका सैनिकहरू, सुरक्षा बल, रक्षा, राष्ट्रिय गार्ड र देशको सुरक्षामा संलग्न सबैको रक्षा गर्नुहोस्, र उनीहरूको खुट्टालाई स्थिर राख्नुहोस्। हे अल्लाह! हाम्रा अमीर र उहाँका युवराजलाई तपाईंले मन पराउने र प्रसन्न हुने काम गर्ने तौफीक दिनुहोस्, र उनीहरूलाई धार्मिकता र तकवातर्फ डोऱ्याउनुहोस्। र हाम्रो अन्तिम पुकार यो हो कि सबै प्रशंसा ब्रह्माण्डका पालनकर्ता अल्लाहका लागि हो।

**- जुम्माको प्रार्थनाका लागि नमूना खुत्बा तयारी समिति**